जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ११ २०७९ साल साउन १३ गते शुक्रबार (29 July 2022 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश नं १ को नाम... ३ पृष्ठमा : कोरोना संक्रमण दर बढ्दो ... ३ पृष्ठमा इराकमा उच्च सुरक्षा घेरा ...

# जसपाद्वारा सुख्खा क्षेत्र घोषणाको मागसहित प्रधानमन्त्रीलाई सात बुँदे ज्ञापनपत्र



**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

केन्द्रिय सरकारमा सत्ता साझेदारको रुपमा तथा प्रदेशमा आफ्नै नेतृत्वमा सरकार रहेको जनता समाजवादी पार्टी नेपाल जिल्ला समन्वय समिती सप्तरीले मधेश प्रदेशलाई सुख्खा क्षेत्र घोषणाको माग गर्दै किसान लक्षित ७ बुँदे माँगसहित बिहीबार प्रधानमन्त्रिलाई ज्ञापन पत्र पठाएको छ ।

वर्षा नहुदाँ किसानहरु समस्यामा परेको तथा धान रोपिसकेको खेत पानी अभावले धाँजा फाट्न थालेको भन्दै मधेश प्रदेशलाई सुख्खा क्षेत्र घोषणा गरी किसानको अन्य समस्या समेत समाधान गर्न प्रमुख जिल्ला अधिकारी जर्नादन गौतम मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाएको हो ।

बुझाइएको ज्ञापनपत्रमा मधेश प्रदेशलाई सुख्खा क्षेत्र घोषणा गरी किसानलाई विषेश राहत प्याकेजको व्यवस्था, किसानलाई पर्याप्त मल खाद्यको व्यवस्था, किसानले बैंकहरुबाट लिएको ऋणको ब्याज मिनाहा, किसानलाई कृषि मिटर उपलब्ध गराई विद्युत महसुल निशुल्क, सिंचाइका लागी व्यापक डिप बोरिङ्ग लगायतका अन्य बैकल्पिक व्यवस्था गर्न लगायतका माग अघि सारिएको छ ।

स्थानीय शिव मन्दिरमा भेला भइ जसपा सप्तरीका अध्यक्ष केदार यादव, केन्द्रीय सदस्य अमरनाथ मण्डल, युवा नेता शम्भु यादव, हरेराम यादव, राजेश्वर राय लगायतको अगुवाइमा जसपाका नेताहरु प्रमुख जिल्ला अधिकारी गौतमको कार्यकक्षमा पुगेर ज्ञापन पत्र बुझाएका थिए ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले तत्कालै प्रधानमन्त्रीको कार्यालयमा पठाइए दिने प्रतिबद्धता जनाए ।

सोही दलका नेता मृगेन्द्र कुमार सिंह यादव अहिले कृषि तथा पशुपक्षी विकास मन्त्री हुन । सप्तरी मन्त्री सिंहको गृह जिल्ला पनि हो । यता साउनको दोश्रो साता वित्न लाग्दा पनि वर्षा नहुँदा सोचे अनुरुपको रोपाई गर्न नपाएका किसानहरुले मल खाद्य समयमा समेत नपाउँदा थप समस्यामा परेको गुनासो गरेका छन् ।

# जुम्ल्याहा शिशु हुर्काउन समस्यामा परेका खंग दम्पत्तिलाई क्रिएशनको सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

गत जेठ १ गते जुम्ल्याहा सन्तान जन्माएकी राजविराज नगरपालिका १२ दमावत्ति टोलकी २५ वर्षिया पुनिता खंगलाई नवजात शिशु हुर्काउन पौष्टिक आहारको समस्या भइरहेको बेला विभिन्न क्षेत्रबाट सहयोग जुट्न थालेका छन् ।

बिहीबार क्रिएशन नेपाल काठमाडौंले उनलाई १० हजार रुँपैया नगद सहयोग उपलब्ध गराएको हो । संस्थाका प्रतिनिधि किरण ढकाल, समाजसेवि एवम् प्राध्यापक बन्दना मिश्रा, दिपक झा लगायतको टोली उनको घरमै पुगी सो सहयोग प्रदान गरेका हुन् ।

सुत्केरी गराउदा ऋण लिएर गरेको अस्पताल खर्च तिर्नै नसकेको बेला आर्थिक अभावका कारण जुम्ल्याहा सन्तानलाई पोषिलो आहार समेत दिन नसकेको खबर प्राप्त भएपछि सहयोग

***बाँकी अन्तिम पृष्ठमा***

# औषधी पसलमा उपचार गराउदा महिलाको मृत्यु




**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

अस्पतालको सट्टा औषधी पसलमा उपचार गराउदा सप्तरीमा एक महिलाको ज्यान गएको छ ।

जिल्लाको रुपनी गाउँपालिका २ पौवा टोलकी ३५ वर्षिया सियादेवी मण्डलको औषधी पसलमा उपचार गराउदा मृत्यु भएको हो ।

बुधवार साँझ उनी राजविराज ६ स्थित अजित फार्मेसी एण्ड क्लिनिकमा छाति दुखेपछि उपचारका लागि आएकी थिइन् । औषधी पसलका सञ्चालक र एक जना महिला स्वास्थ्यकर्मी (नर्स)ले उनको उपचार सुरु गरेको मृतक महिलाका आफन्तको भनाई छ ।

उपचारका क्रममा अचानक अचेत भएकी उनलाई छेउमै रहेको छिन्नमस्ता अस्पताल पुऱ्याइएको थियो । सो अस्पतालमा इसिजि गर्दा उनलाई मृत घोषित गरिएको प्रहरीले जनाएको छ ।

यता मृतकका आफन्तले औषधी पसल सञ्चालकले बिरामीको उपचार पसलमै भइहाल्छ भनि भ्रममा पारेर लापरवाहीपूर्ण तरिकाले उपचार गर्दा आफ्नो मान्छेको मृत्यु भएको दावी गर्दै घटनाको छानविन र दोषीमाथि कारवाहीको माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले घटनाको अनुसन्धानका क्रममा विहिवार उक्त औषधी पसलका एक जना सञ्चालकलाई नियन्त्रणमा लिई सोधपुछ भइरहेको जानकारी दिएका छन् ।

मृतक महिलाको शव

***बाँकी तीन पृष्ठमा***

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ७ खर्साल टोल (पुरानो सिडिओ अफिस नजिक रहेको नाला छेउ) मा एकतल्ले घर भएको १४ धुर जग्गा बिक्रिमा रहेकोले खरीद गर्न चाहने महानुभावले निम्न मोबाइल नं. मा सम्पर्क गर्नुहोला ।

**मोवाइल नं.** ९८०५९२२९०९, ९८१९९५१४०२

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, “**बचत गरौं समृद्ध वनौं**”

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं.** ०३१-५९०६०१, ०३१५९०६०२, **www.janajyoticoop.com.np**

# प्रदेश नं १ को नाम के राख्ने ?

**मोहम्मद सदरुल**
विराटनगर, १२ साउन (रासस)।

मुलुक सङ्घीय शासन व्यवस्थामा गइसकेपछि यहाँका सात प्रदेशमध्ये अब नामकरण गर्न प्रदेश १ मात्र बाँकी छ। आन्तरिक विवाद तथा राजनीतिक खिचातानीका कारण यो प्रदेशले आफ्नो नाम अहिलेसम्म पनि जुराउन सकेको छैन। प्रदेशसभाको अर्को निर्वाचन आउन लाग्दासम्म पनि प्रदेशले आफ्नो नाम राख्न नसक्दा प्रदेश सरकारको आलोचना भइरहेको छ र यसलाई स्वाभाविक ठान्छन् राजनीतिक विश्लेषकहरू।

त्यसो त प्रदेशको गठनसँगै यसको नाम राख्नुपर्ने आवाज उठेको हो, तर आजका मितिसम्म पनि यो सम्भव हुनसकेको छैन। अहिलेको अर्थात् पछिल्लो सकारात्मक पक्ष के हो भने अहिले प्रदेशको नामकरण गर्ने विषयमा प्रदेशमा निकै चर्को आवाज गुञ्जिएको छ। अहिले आएसरह नै विगतको सरकारका समयमा पनि प्रदेशको नाम राख्ने आवाज उठेको भए अहिलेसम्म यो प्रदेशले कम्तीमा पनि नामचाहिँ पाइसक्थ्यो होला। यही रूपमा पूर्वमुख्यमन्त्री शेरधन राईको कार्यकालमा नामको बहस नचलेको राजनीतिक विश्लेषकहरूको भनाइ छ।

तत्कालीन अवस्थामा प्रदेश सरकारमा पूर्वमुख्यमन्त्री राईको दुईतिहाइ बहुमत थियो। प्रदेशको नामकरणका लागि पनि दुईतिहाइ बहुमत आवश्यक पर्छ। अहिलेको प्रदेशसभाको गठन हेर्दा वर्तमान प्रदेशसभामा दलीय आधारमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)को समर्थन आवश्यक छ। उसको सहयोग र या समर्थनबिना प्रदेशको नामकरण सम्भव देखिँदैन।

नब्बे सदस्यीय प्रदेशसभामा पाँच दलीय सत्तारुढ गठबन्धनमा ५० प्रदेश सांसदमात्रै छन्। जसमा नेपाली कांग्रेसका २१, माओवादी केन्द्रका १५, नेकपा (एकीकृत समाजवादी)का १०, जनता समाजवादी पार्टीका तीन र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका एक प्रदेश सांसद छन्।

उता प्रमुख प्रतिपक्षी दल एमालेका मात्र ३९ सांसद छन् भने राप्रपाका एक प्रदेश सांसद छन्। त्यसैले पनि प्रदेशसभाबाट प्रदेशको नाम पारित गराउन आवश्यक ६१ सांसद पुर्‍याउन एमालेको समर्थन अपरिहार्य छ। प्रदेशको नामकरणका लागि प्रदेशसभाको दुईतिहाइ बहुमत आवश्यक रहने संवैधानिक व्यवस्था छ।

प्रदेशको नामकरणका लागि घनिभूत आवाज उठिरहेको समयमा नेपाली कांग्रेसले एकल पहिचान, बहुपहिचान वा साझा पहिचान गरी यस विषयमा आफ्ना साझा धारणा बनाउनुपर्ने विचार सार्वजनिक गरिसकेको छ।

प्रदेशसभामा सहभागी राजनीतिक दलहरूले प्रदेशको नामकरणका लागि विभिन्न चरणमा छलफल एवं बहस जारी राखेको अवस्थामा पूर्वमुख्यमन्त्री शेरधन राईले नेपाली कांग्रेसले साथ दिएमा दुई दिनमै प्रदेशको नामका लागि दुईतिहाइ बहुमत जुटाइदिने दाबी गर्नुहुन्छ। हुन त विगतमा पनि यो प्रयास नभएको होइन। प्रयासलाई सार्थकता प्रदान गर्दै यी दुई पार्टी एकमत हुनसकेका भने छैनन्।

किरात राई यायोख्खाले प्रदेश १ को नाम 'किरात प्रदेश' राख्न पटकपटक दबाबमूलक कार्यक्रम गर्दै आएको छ। कहिले संसद् भवन आगाडि त कहिले मुख्यमन्त्री कार्यालय आगाडि उनीहरूले धर्नालगायतका कार्यक्रम गर्दै आएका छन्। उनीहरू प्रदेशको नाम किरात हुनुपर्ने अडानमा कायमै छन्।

उहाँहरूले किरात कुनै जाति नभई ऐतिहासिक सांस्कृतिक पहिचान एवं सभ्यता भएकाले यो नाम दिँदा राम्रो हुने तर्क गर्नुहुन्छ। परापूर्वकालदेखि यस क्षेत्रमा किराँतको इतिहास र संस्कृति छ। किरात नाम भएमा कसैले पनि अपमानित हुनुपर्ने अवस्था देखिँदैन भन्ने उहाँहरूको भनाइ छ।

प्रदेशको नामकरणको विषयमा सभामुख प्रदीपकुमार भण्डारीले पनि सर्वदलीय बैठक सम्पन्न गरिसक्नुभएको छ। सो बैठकमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरूलाई बैठकमा बोलाइएको थियो। बैठकमा छलफलपछि सहमतिका आधारमा प्रदेशसभामा प्रदेशको नामकरण प्रक्रिया अगाडि बढाइने प्रदेशसभा सचिवालयले जनाएको छ।

प्रदेशको नामकरणका लागि दलहरूका बीच सहमति भए या नभए पनि प्रदेशसभामा प्रक्रिया अघि बढाउने सरकारी तयारी छ। मुख्यमन्त्री राईले प्रदेशको नाम प्रदेशसभाबाट पारित गराउन स्वास्थ्यमन्त्री तथा जनता समाजवादी पार्टीका नेता जयराम यादवको नेतृत्वमा दलहरूबीच सहमति जुटाउन कार्यदल गठन गरेको छ।

मन्त्री यादव "दलहरूबीच सहमति जुटाएर एउटा मात्रै नाम प्रदेशसभामा प्रस्ताव गरेर पारित गराउने प्रदेश सरकारको पहिलो प्राथमिकता रहेको छ", भन्नुहुन्छ। उहाँले भन्नुभयो, "दलहरूबीच सहमति जुट्न नसके पनि प्रदेशसभामा नामकरणको प्रक्रिया सुरु भएपछि औपचारिक थलोमा बहस सुरु हुन्छ र त्यसपछि भोटिङ प्रक्रियामा जुन नाममा सहमति हुन्छ त्यही नाम पारित हुन्छ। अब योबाहेकको अर्को विकल्प छैन।"

प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूमध्ये एमाले र कांग्रेस भूगोलको आधारमा अन्य दल पहिचानको आधारमा प्रदेशको नामकरण हुनुपर्ने पक्षमा छन्। कांग्रेस र एमाले मिलेर अघि बढ्न सक्दा मात्र प्रदेशको नामकरण सम्भव र सहज पनि छ। तर पनि कांग्रेस सत्तारुढ गठबन्धनलाई छोडेर प्रदेशको नामकरणका लागि एमालेको साथमा जान सक्ने अवस्था भने देखिँदैन भन्नुहुन्छ नेपाली कांग्रेसका नेता राजीव कोइराला।

प्रदेशसभाका सबभन्दा ठूलो दल प्रमुख प्रतिपक्षी एमालेले प्रदेशको नाम भूगोलको आधारमा 'कोसी' हुनुपर्ने अडानमा रहिआएको छ। दोस्रो ठूलो दल कांग्रेस पनि भूगोलकै आधारमा प्रदेशको नाम 'सप्तकोसी' अघि सारेको छ। तेस्रो ठूलो दल माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले पहिचानका आधारमा प्रदेशको नाम राख्नुपर्ने अडान दोहोर्‍याउँदै आएका छन्। पहिचान पक्षधर दलहरू पनि कुनै एउटा नाममा सहमति जुटाउन सकेका छैनन्। पहिचान पक्षधर सबै दलको आ-आफ्नै अडान छ।

देश संसदीय निर्वाचनको नजिक आइपुगेको छ। सङ्घीय निर्वाचन पनि साथै हुने निश्चितै छ। तर अहिलेसम्म आफ्नो पाँचवर्षे कार्यकालमा नै प्रदेश नं १ ले आफ्नो नामसमेत राख्न नसक्दा प्रदेश सरकारको क्षमतामाथि प्रश्न उठ्नु स्वभाविक हो। त्यसमा पनि अब सङ्घीय र स्थानीय सरकार भएपछि प्रदेश सरकार देशलाई किन आवश्यक पर्‍यो भन्ने बहस पनि देशमा सुरु भएको अहिलेको अवस्थामा प्रदेश सरकारले आफ्नो नामसम्म पनि दिन नसक्दा अबको निर्वाचनमा नागरिकका जवाफ प्रदेशका नेताले कसरी दिने हुन् ? आफ्नो नाम नराख्दै चुनावमा जाने हो भने प्रदेश सरकारमाथि नागरिकले गर्ने यो प्रश्नको जवाफ पनि साथमै लिएर जाँदा सजिलो हुनेछ।

# स्पञ्ज आइरन आयातमा छुट : बढ्यो राजस्व, थपियो नयाँ उद्योग

काठमाडौँ, १२ साउन (रासस)।

सरकारले स्पञ्ज आइरन आयातमा भन्सार तथा अन्तशुल्कमा छुट दिँदा राजस्वमा सङ्कलनमा समेत वृद्धि भएको छ। तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले गत आर्थिक वर्ष २०७८/७९ का लागि प्रतिस्थान विधेयकमार्फत ल्याएको बजेटमा मुलुकभित्रै स्टिल बिलेट उत्पादनलाई प्रोत्साहन गर्ने जनाउँदै कच्चा पदार्थ (स्पञ्ज आइरन) आयातमा भन्सार तथा अन्तशुल्क छुटको व्यवस्था गर्नुभएको थियोास। सो व्यवस्थाले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको पाइएको हो।

भन्सार विभागले सार्वजनिक गरेको गत आव २०७८/७९ को तथ्याङ्कअनुसार सरकारले स्पञ्ज आइरन आयातमा छुट दिएपछि राजस्व सङ्कलनमा वृद्धि भएको पाइएको हो। तथ्याङ्कअनुसार अघिल्लो आव २०७७/७८ को एक वर्षको अवधिमा नेपालमा विभिन्न देशबाट १९ करोड १५ लाख ९५ हजार १७० किलो स्पञ्ज आइरनको आयात भएको थियो। उक्त स्पञ्ज आइरन आयात हुँदा रु सात अर्ब ८७ करोड ९६ लाख ६८ हजार नेपाली रुपैयाँ बाहिरिएको थियो भने सरकारले रु एक अर्ब ४४ करोड ७३ लाख बराबर राजस्व सङ्कलन गरेको थियो।

अघिल्लो आव रु सात अर्ब बराबरको स्पञ्ज आइरनको आयात भएकामा सरकारले छुट दिएसँगै गत आव झन्डै रु २४ अर्ब बराबरको आयात भएको छ। गत आव (२०७८/७९) को एक वर्षको अवधिमा रु २३ अर्ब ९८ करोड १६ लाख ८० हजार बराबरको ४१ करोड ५७ लाख ३३ हजार किलो स्पञ्ज आइरनको आयात भएको हो। उक्त आयातबाट सरकारले रु तीन अर्ब २५ करोड ६२ लाख १३ हजार बराबर राजस्व सङ्कलन गरेको छ।

**बिलेट आयातमा कमी**

सरकारले स्पञ्ज आइरनको आयातमा छुट दिएसँगै एमएस बिलेट आयातमा कमी आएको छ। गत आवको तुलनामा चालु आव रु बीस अर्ब बढीले बिलेट आयातमा कमी आएको हो। भन्सार विभागको तथ्याङ्कअनुसार अघिल्लो आव २०७७/७८ वर्ष रु ७१ अर्ब ५२ करोड ९३ लाख ८९ हजार बराबरको बिलेट आयात भएको थियो। सरकारले भन्सार तथा अन्तशुल्कमा वृद्धि गरेसँगै गत आव २०७८/७९ मा रु ५१ अर्ब ३३ करोड तीन लाख बराबरको मात्रै बिलेट आयात भएको हो।

बिलेट आयातमा कमी भएसँगै राजस्व सङ्कलनमा समेत कमी आएको छ। अघिल्लो आव बिलेट आयात हुँदा रु १३ अर्ब १३ करोड ६८ लाख ४७ हजार बराबर राजस्व सङ्कलन भएको थियो भने गत आव रु १० अर्ब ९४ करोड ९४ लाख ५२ हजार मात्र राजस्व सङ्कलन भएको छ।

प्रतिस्थान विधेयकमार्फत ल्याएको बजेटमा आयातित बिलेट (एमएस बिलेट) को अन्तःशुल्क बढाएर प्रतिकिलो दुई रुपैयाँ ५० पैसा बनाइएको थियो। यस्तै फलामे डण्डी बनाउन प्रयोग हुने बिलेट आयात गर्दा त्यसमा लाग्ने अन्तःशुल्क प्रतिटन र एक हजार ६५० बाट बढाएर रु दुई हजार ५०० बनाइएको थियो।

यसअघि स्वदेशमा उत्पादित र आयात गरिएका दुवैमा प्रतिकिलो एक रुपैयाँ ६५ पैसा अन्तःशुल्क लाग्ने गरेको थियो। विदेशबाट स्पञ्ज आइरन तथा स्टिल बिलेट आयातमा भन्सारदर ५-५ प्रतिशत थियो।

**बजेटमा छुट दिएपछि थपिए उद्योग**

सरकारले गत आर्थिक वर्षको बजेटमार्फत स्वदेशमा नै स्पञ्ज आइरन उत्पादन गर्ने उद्योगलाई छुट दिएपछि पुराना उद्योगले लगानी बढाउन थालेका छन् भने नयाँ उद्योग दर्ता भएको छ। उद्योग विभागको तथ्याङ्कअनुसार बजेटमा नै छुटको व्यवस्था भएपछि पुराना चार उद्योगले लगानी थप र नयाँ दुई उद्योग दर्ता भएको उद्योग विभागका निर्देशक खगेन्द्रबहादुर बस्नेतले जानकारी दिनुभयो।

उहाँका अनुसार स्पञ्ज आइरन उद्योगलाई सरकारले छुटको घोषणा गरेपछि गोल्छा समूहले प्राइम स्टिल र सौरभ गुप्रले सर्वोत्तम स्टिल उद्योग दर्ता गरेका हुन्। गोल्छा समूहले पर्साको वीरगन्ज पोखरियामा रु साढे पाँच अर्ब र सौरभ गुप्रले वीरगञ्ज महानगरपालिकाको मनयारीमा उद्योग रहने गरी दर्ता गरेका छन्।

उद्योग विभागमा दर्ता भएअनुसार प्राइभ स्टिलले १८ बिघा क्षेत्रफलमा फैलिने उद्योगबाट ४०० मानिसलाई प्रत्यक्ष रोजगारी दिने र उक्त उद्योगका लागि एक लाख केभिएको प्रसारण लाइन आवश्यक पर्ने उल्लेख गरेको छ।

यस्तै उक्त उद्योग सञ्चालनमा आउँदा एचआर स्ट्रप्स वार्षिक तीन लाख ९६ हजार टन उत्पादन गर्नेछ। जसमध्ये टीमएमटी छड ७९ हजार २०० टन, वायर रड एक लाख १८ हजार ८०० टन र ७९ हजार २०० टन एमएस बिलेट उत्पादन गर्नेछ।

सर्वोत्तम स्टिलले १५ बिघा क्षेत्रफलमा रहने सो उद्योगमा रु तीन अर्ब ३५ करोड लगानी रहेको उल्लेख गरेको छ। उक्त उद्योगले वार्षिकरूपमा चार लाख ४१ हजार मेट्रिक टन स्पञ्ज आइरन उत्पादन हुनेछ। यस्तै उद्योगमा फलामजन्य वस्तु उत्पादनका लागि ३० मेट्रिक टनका दुईवटा इन्डक्सन फर्नेस (भट्टी) राखिनेछ। उक्त उद्योगलाई फलामजन्य वस्तु तथा स्टिल उत्पादनका लागि दुई दशमलव पाँच मेगावाट बिजुली आवश्यक हुने कम्पनीले जानकारी दिएको छ।

विभागको तथ्याङ्कअनुसार काठमाडौँ स्टिल्स, स्वस्तिक रोलिङ, प्रिमियर स्टिल र हुलास वायरले लगानी थपका लागि स्वीकृति लिएका हुन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोना संक्रमण दर बढ्दो, सचेत रहन आग्रह

**शरद् शर्मा**
काठमाडौँ, १२ साउन (रासस)।

छिमेकी मुलुक भारतमा कोरोना भाइरसको सङ्क्रमण बढिरहेको बेला नेपालमा पनि यसको प्रभाव देखिन थालेको छ ।

ओमिक्रोनको 'बिएफाइभ' जातिको भेरियन्ट देखिएसँगै नेपालमा सङ्क्रमण दिनानुदिन बढिरहेको छ । बिएफाइभ सङ्क्रमण उच्चदरमा फैलिने भएकाले पनि अहिले नेपालमा सङ्क्रमण बढिरहेको छ ।

सङ्क्रमण दर शून्य दशमलव ५ प्रतिशतसम्म झरेको नेपालमा सङ्क्रमण दर अहिले १२ प्रतिशत पुगेको छ । मन्त्रालयका अनुसार गत साता बुधबार साउन ४ गते सङ्क्रमण दर १० प्रतिशत रहेकोमा अहिले त्यो १२ प्रतिशत पुगेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका प्रमुख डा चुमनलाल दासले अहिले दैनिक बढिरहेको सङ्क्रमणले चौथो लहरको सङ्केत गरेको बताउनुहुन्छ । "अहिले देखिएको सङ्क्रमणले चौथो लहरको सङ्केत आइसकेको भन्ने देखाउँछ तर चौथो लहर होइन", उहाँले भन्नुभयो, "त्यसैले हामी सबै सचेत रहेर स्वास्थ्यका मापदण्ड लागू गर्नुपर्दछ ।"

"नेपालमा पनि देखिएको बिएफाइभ जातको भेरियन्टको सङ्क्रमण दर उच्च रहेको छ", उहाँले भन्नुभयो, "भारतसँग खुला सीमाको कारणले बिएफाइभ जातको सङ्क्रमण नेपालमा पनि प्रवेश गरेकाले सङ्क्रमित बढ्न थालेका हुन् ।"

खुला सीमा भएकाले दैनिक सीमानाकाबाट आउने मानिसमा सङ्क्रमण देखिने गरेको छ र ती मानिसले नै सङ्क्रमण सारिरहेका छन् । उहाँका अनुसार झापाको काँकडभिट्टा र कञ्चनपुरको गड्डाचौकी नाकाबाट प्रवेश गर्नेमा सङ्क्रमण बढी नै देखिने गरेको छ ।

नेपालमा पहिलोपटक २०७६ माघ ९ गते सङ्क्रमण पुष्टि भएको थियो । यस्तै दोस्रो सङ्क्रमित चैत १० गते देखिएको थियो । सरकारले दोस्रो सङ्क्रमित देखिएपछि मुलुकभर बन्दाबन्दी ( लकडाउन) गरेको थियो ।

नेपालमा पहिलो लहर २०७६ चैतदेखि २०७७ मङ्सिरसम्म चलेको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीका अनुसार सङ्क्रमणको दोस्रो लहर २०७७ वैशाखदेखि भदौसम्म तथा तेस्रो लहर २०७८ पुसदेखि फागुनसम्म चलेको थियो । अहिलेसम्म ११ लाख २६ हजार ८८४ सङ्क्रमित भइसकेका छन् । यस्तै ११ हजार ९६० सङ्क्रमणकै कारण निधन भएका छन् ।

मन्त्रालयका अनुसार यो महिनामा मात्र अहिलेसम्म आठ जनाको सङ्क्रमणको कारणले निधन भइसकेको छ । मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले महामारी अझै अन्त्य नभएकाले सबैले महामारीबाट जोगाउनका लागि स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने बताउनुभयो ।

"दैनिक सङ्क्रमण पहिलेजस्तै अहिले पनि बढिरहेका देखिन्छ", उहाँले भन्नुभयो, "यसलाई चौथो लहर भनेर घोषणा गर्नुभन्दा पनि सङ्क्रमण ग्राफमा देखिन थालिएको छ ।" सङ्क्रमणको जोखिम अझै बढ्ने उहाँको भनाइ रहेको छ ।

सङ्क्रमण बढ्दै गएपछि आगामी तीन महिनाको सम्भावित सङ्क्रमितको अनुमान गरेर त्यसलाई व्यवस्थापन गर्न द्रुत कार्ययोजना अन्तिम तयारी अवस्था पुऱ्याइएको महाशाखा प्रमुख डा दासले बताउनुभयो ।

उहाँले सम्भावित सङ्क्रमणको जोखिमलाई ध्यान दिएर सबै अस्पताल, स्वास्थ्य संस्था र प्रदेशमा तोकिएका कोभिड-१९ अस्पताललाई सङ्क्रमित व्यक्तिको व्यवस्थापन गर्नका लागि निर्देशनसमेत दिइसकेको जानकारी दिनुभयो ।

महाशाखाले कोभिड-१९ को प्रतिकार्यमा सबै प्रदेशमा तालिम गरिएको र आगामी दिनमा थप तालिम गर्ने योजना रहेको उहाँले बताउनुभयो । भीडभाड हुने स्थानमा कोभिड-१९ को नमूना परीक्षण अभियान सञ्चालन गर्ने र समुदायस्तरमा कोभिड-१९ को अवस्थालाई थप विश्लेषण गर्ने कामसमेत महाशाखाले गरिरहेको छ ।

मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि भीडभाड हुने स्थानमा अनिवार्य मास्क र स्यानिटाइजरको प्रयोग गर्न आग्रह गरेको छ । सबै सरकारी, गैरसरकारी कार्यालय तथा मानिसको भीडभाड हुने स्थानमा विमानस्थल, हवाई लगायत सार्वजनिक यातायातमा, गोष्ठी, सेमिनार, बैठकजस्ता भीडभाड हुने कार्यक्रममा मास्कको प्रयोगलाई अनिवार्य गर्ने र स्यानिटाइजरको व्यवस्था मिलाउन आग्रह गरिएको छ । यस्तै कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न निर्देशन दिँदै खोप लगाउन बाँकी रहेका सबैलाई खोप लगाउन आग्रह गरिएको छ ।

# वैदेशिक रोजगारीमा गएका श्रमिकलाई शेयर बजारको मालिक बनाइँदै

काठमाडौँ, १२ साउन (रासस)।

नेपाल धितोपत्र बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकलाई पनि धितोपत्रको कारोबारमा जोड्ने भएको छ । विशेषगरी विप्रेषणलाई वैधानिक तवरले भित्र्याउने तथा त्यसबाट थप पूँजीको विस्तार गर्ने लक्ष्यका साथ बोर्डले प्राथमिक शेयर निष्काशनमा १० प्रतिशत बराबरको शेयर आरक्षण गर्ने नीति तय गरेको छ । त्यसका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा संशोधन गर्ने भएको छ ।

बोर्डको चालु आवको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै अध्यक्ष रमेश हमालले विप्रेषण पठाउने श्रमिकको हितका लागि यस्तो नीतिको प्रबन्ध गरिएको जानकारी दिनुभयो । धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीको लगानी खुल्ला गर्न धितोपत्रसम्बन्धी कानुनमा आवश्यक संशोधन तथा परिमार्जन गरिने भएको छ ।

बोर्डलाई थप जवाफदेहितासहितको अधिकार सम्पन्न नियमन निकाय बनाउनका लागि धितोपत्र तथा वस्तु विनिमय बोर्डसम्बन्धी विधेयक तथा धितोपत्र व्यवसायीको नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन धितोपत्र विनियमसम्बन्धी विधेयकको मस्यौदा कार्य अगाडि बढाइने अध्यक्ष हमालले जानकारी दिनुभयो ।

साथै धितोपत्र व्यवसायीको लागि संस्थागत सुधारसम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिने भएको छ । बजारमा हुने सूचना तथा विवरण प्रवाहको सहज एवं सदृढ व्यवस्था गर्न विवरण प्रवाह तथा प्राप्ति प्रणाली विकास गरिएकामा त्यसलाई थप प्रभावकारी बनाउने बोर्डको योजना छ । धितोपत्र बजारमा राफसाफमा आउन सक्ने समस्या समाधानका लागि आवश्यक अक्सन मार्केटको विकास तथा सञ्चालनसम्बन्धी अध्ययन गर्ने बोर्डको योजना छ ।

बोर्ड कर्मचारीको सेवा सर्त नियमावलीलाई समयानुकूल बनाउनुका साथै बोर्ड पदाधिकारीलाई आचारसंहिताले बाँध्नका लागि थप पुनरावलोकन एवं समसामयिक बनाउने लक्ष्य राखिएको छ । बोर्डले समग्र रुपमा वर्षभरि कार्यक्रमको ढाँचा तथा रुपरेखा सार्वजनिक गरेको छ ।

यसबाट नेपालको समग्र शेयर बजारको विकास र विस्तारमा सहयोग पुग्ने विश्वास लिइएको छ । शेयर बजारमा साना लगानीकर्ताको हितको सम्वर्द्धन गर्ने र ठूला लगानीकर्ताको अनावश्यक चलखेल नियन्त्रणका लागि समेत प्रभावकारी नीति तथा कार्यक्रमको प्रबन्ध गरिएको अध्यक्ष हमालले जानकारी दिनुभयो । बजारको विस्तारका लागि आवश्यक सबै उपायको अवलम्बन गर्ने लक्ष्य बोर्डले लिएको छ ।

***औषधी...***

पोष्टमार्टमका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइ घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सप्तरीले जनाएको छ ।

## विश्व समाचार

# इराकमा उच्च सुरक्षा घेरा तोड्दै प्रदर्शनकारी संसद् भवनमा प्रवेश

बग्दाद, १२ साउन (रासस/एएफपी)।

इराकको राजधानी बग्दादमा आन्दोलनरत धर्मगुरु मुक्तदा अल-सदरका समर्थकहरूले उच्च सुरक्षा घेरा तोडेर संसद् भवन प्रवेश गरेका छन् । सुरक्षाकर्मीहरूले संसद् भवन प्रवेश गर्न खोज्नेहरूलाई केही बेर रोके पनि ठूलो भीड भवनभित्र छिरेको सुरक्षा स्रोतले एएफपीसँग पुष्टि गरेको छ । उनीहरूले प्रधानमन्त्रीमा विपक्षी उम्मेदवारको विरोधमा प्रदर्शन गरिरहेका छन् । गत अक्टोबरमा भएको आम निर्वाचनमा सदरको पार्टीले सबैभन्दा धेरै सिट जिते पनि सरकार बनाउन सकेको छैन । संसद् भवन प्रवेश गरेका प्रदर्शनकारीहरूलाई प्रहरीले अश्रुग्यास र पानीको फोहरा प्रयोग गरेर रोक्ने प्रयास गरे पनि अन्ततः उनीहरू संसद भवनभित्र छिर्न सफल भएका थिए । प्रदर्शनकारीहरू प्रवेश गरेको समयमा संसद् भवनमा कुनै पनि सांसदहरू उपस्थित थिएनन् । प्रदर्शनकारीहरूको भीड सुरक्षाकर्मीहरूको बाक्लो उपस्थिति रहने ग्रिन जोनमा प्रवेश गरेको थियो । यो क्षेत्रमा विभिन्न देशका दूतावासहरू सहित राजधानी स्थित सबैभन्दा महत्वपूर्ण भवनहरू छन् । इराकका प्रधानमन्त्री मुस्तफा अल-खादिमीले प्रदर्शनकारीहरूलाई संसद् भवन छोड्न आग्रह गरेका छन् भवनभित्र छिरेका प्रदर्शनकारीहरू नाचगान गर्दै टेबलहरूमा सुतेका थिए। नौ महिना लामो गतिरोधपछि इरानमा अशान्ति सुरु भएको हो । त्यहाँ देशका विभिन्न राजनीतिक समूहहरूबीचको विवादका कारण निर्वाचनपछि नयाँ सरकार गठन हुन सकेको छैन । इराकमा अमेरिकी हस्तक्षेपको विरोध गर्दै आएका शिया धर्मगुरु सदरको दलले अक्टोबरको निर्वाचनमा जीत दाबी गरेको थियो । तर, आफ्ना प्रतिद्वन्द्वीसँग सहकार्य गर्न सदर तयार नभएपछि उनको दलले सरकार निर्माणका लागि गठबन्धन बनाउन सकेको छैन ।

# विश्वकपमा होटल मजदुरको सुरक्षा गर्न कतारलाई आग्रह

दोहा, १२ साउन (रासस/एएफपी)।

बेलायतस्थित एक अधिकार समूहले बिहीबार फुटबल विश्वकपका क्रममा हजारौं विदेशी कामदार भर्ती गर्दै कतारका होटलहरुमा रंगभेद, अत्यधिक श्रम र श्रमिक अधिकारको प्रत्याभूत गर्न आग्रह गरेको छ । नोभेम्बर २१ देखि डिसेम्बर १८ सम्म (चार हप्ता) को खेल प्रतियोगिताको क्रममा कतारले एक लाखभन्दा बढी आगन्तुकहरूको आशा गरेको छ । यसमा कुनै प्रकारको सेवा सुविधाको कमी नहोस भनी कतारले ठूलो सङ्ख्यामा अस्थायी जनशक्ति भर्ती गरेको छ । श्रम अधिकार अभियान संस्था इक्विडेमका अनुसार तेलका लागि धनी खाडी राष्ट्रमा प्रतियोगिता पहिले नै कामदारहरूको 'गम्भीर श्रम शोषण र मानव अधिकारको हनन' गरिएको समाचारहरू बाहिरिएका छन् । कतारले विश्वकपका लागि गरेको संरचना निर्माणमा समेत प्रवासी मजदुरको अवस्थाप्रति पटक-पटक आलोचना खेप्दै आएको छ । यद्यपि कतारले हालैका वर्षहरूमा ठूलो सुधार गरेका जनाउँदै आएको छ । श्रम ठगीलाई दुरूत्साहन गर्न न्यूनतम पारिश्रमिक निर्धारण गर्ने र धेरै विवादास्पद प्रणालीलाई खारेज गर्नेजस्ता काममा सुधार गरिएको कतारले जनाएको छ । श्रमिकले रोजगार परिवर्तन गर्दा वा घर फर्किंदासमेत काम गरिराखेको कम्पनी वा फर्मको मालिकको अनुमति लिनुपर्ने भएकोले श्रमिकहरूको श्रम अधिकारको हनन हुने गरेको स्वीकार्दै यसलाई सुधारेको जनाएको छ । विश्व फुटबलको नियामक निकाय (फिफा) ले यसै हप्ता कतारसँग 'सहभागी टिमहरू आयोजना गर्ने सबै सहित जम्मा १५९ होटलहरूमा श्रमिकको अधिकार र हितको संरक्षण गर्न आवश्यक प्रक्रिया' लागू गरेको पुष्टि गरेको छ । इक्विडेमले बताएअनुसार बङ्गलादेशलगायत मुलुकका होटल श्रमिकहरूले आफ्ना अनुसन्धानकर्ताहरूसँग आफूले उही कामको लागि अरब राज्यका मानिसहरूको तुलनामा निकै कम ज्याला पाउने गरेको बताएका थिए । केन्याका सुरक्षा गार्डहरूले अन्य मुलुकको कामदारको तुलनामा आफूहरूले अत्यधिक गर्मी (तातो) मा काम गर्न दबाब दिएको दाबी गरेको अधिकार समूहले बताएको छ । इक्विडेमका अनुसार केही कर्मचारीहरूले आफू 'रोबोटजस्तै' बिना तलब अत्यधिक समय काम गर्न बाध्य भएको र कोरोनाभाइरस महामारीको दौडान छुट्टिंदा धेरैले ज्याला र क्षतिपूर्ति प्राप्त नगरेको बताएका थिए । संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय श्रम संगठनले २० वटा ठूला होटलले गुनासो समाधानका लागि कामदार व्यवस्थापन समिति गठन गरेको तर त्योभन्दा बढी सुधार आवश्यक भएको बताएको छ ।

# ओमिक्रोनको अर्को भेरियन्टबाट सतर्क रहन अमेरिकी राष्ट्रपति बाइडेनको आग्रह

वासिङटन १२ साउन (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले ओमिक्रोनको नयाँ भेरियन्ट 'बिए.५' अमेरिकामा पनि भेटिएकोले त्यसबाट सतर्क रहन सबै अमेरिकीहरुलाई आग्रह गर्नुभएको छ । उहाँले भन्नुभएको छ- अहिले अमेरिकामा पनि सो भेरियन्ट भेटिएको र देशव्यापी रुपमा नै विस्तार भइरहेको छ, त्यसैले यसबाट बच्नका लागि सबैले सतर्कता अपनाउन जरुरी छ । बुधबार उहाँले सो आग्रह गर्नुभएको हो । उहाँले यसबाट आफू पनि सङ्क्रमित हुन पुगेको पनि बताउनुभएको छ । राष्ट्रपति बाइडेनले भन्नुभयो- यो 'बिए.५' नयाँ भेरियन्टबाट म संक्रमित हुन पुगेँ, म मात्र होइन अमेरिकीहरु पनि यो यो सङ्क्रमणबाट सङ्क्रमित भएका छन् र हामी अमेरिकी मात्र नभएर संसारकै नागरिकमा यो सङ्क्रमण फैलिएको छ. आफूलाई सो नयाँ भेरियन्टबाट सङ्क्रमण भएको बताउनुभएका राष्ट्रपति बाइडेनले आफू आइसोलेसनबाट बाहिर निस्किनु अघि ह्वाइट हाउसबाट बुधबार सो कुरा बताउनुभएको हो । यसबाट बच्नका लागि जनस्वस्थ्यका मापदण्डहरु अपनाउन पनि उहाँले सबैलाई आग्रह गर्नुभयो । उहाँले सबै अमेरिकी नागरिकहरुलाई सार्वजनिक स्थलमा जाँदा अनिवार्य रुपमा मास्क लगाउन पनि आग्रह गर्नुभएको छ । अमेरिकी राष्ट्रपति बाइडेन ७९ वर्षका हुनुहुन्छ । उहाँलाई गत हप्ता मात्र यो नयाँ भेरियन्टको संक्रमण देखिएको बताइएको थियो । उहाँले आफूलाई सामान्य लक्षण मात्र देखिएको बताउनुभएको थियो । उहाँ एकहप्ता पछि बुधबार मात्र आइसोलेसनबाट निस्किनुभएको हो । कोभिड १९ सङ्क्रमणले सबैभन्दा बढी असर पारेको अमेरिकामा पछिल्लो समयमा यसको सङ्क्रमण थप फैलिएको बताइएको छ । त्यसैले अमेरिकी अधिकारीहरुले सबैलाई थप सतर्कता अपनाउन सूचना जारी गरिरहेका छन् ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# वीरगन्ज नाकाबाट हुने निर्यात ५० प्रतिशतले वृद्धि

पर्सा, १२ साउन (रासस) ।
नेपालको मुख्य प्रवेशद्वार र देशकै प्रमुख व्यपारिक नाका वीरगञ्जलाई प्रयोग गरी भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा उलेख्य वृद्धि भएको छ ।

आर्थिक वर्ष २०७७/७८ को तुलनामा २०७८/७९ मा उक्त नाका प्रयोग गरी हुने नेपाली वस्तुको निर्यातमा ५० प्रतिशत वृद्धि भएको हो ।अघिल्लो आर्थिक वर्षमा रु ५३ अर्ब ६८ करोड २८ लाखभन्दा बढी मूल्यको नेपाली वस्तु निर्यात भएकामा गत रु २६ अर्ब ८१ करोड पाँच लाखभन्दा बढी अर्थात् रु ८० अर्ब ४९करोड ३३ लाखभन्दा बढीको सामान निर्यात भएको थियो । अघिल्लो आवको तुलनामा गत आवमा ४९दशमलव ९४ प्रतिशत बढी हो ।

उक्त नाकाबाट भारत तथा तेस्रो मुलुकतर्फ निकासी हुने मुख्य वस्तुमा भटमासको प्रशोधित तेल, फलफूलको जुस, सूर्यमुखीको प्रशोधित तेल, जमोठ कपडालगायत बस्तु रहेको कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो । उहाँले अघिल्लो आवको तुलनमा गत आवमा भटमासको प्रशोधित तेल निर्यातमा १३ प्रतिशतले कमी आएको तर सूर्यमुखीको प्रशोधित तेल ५६ प्रतिशत, फलफूलको जुस ४१ प्रतिशत, जमोठ कपडाको निर्यात ४५ प्रतिशतले वृद्धि भएको बताउनुभयो ।

भारत तथा तेस्रोमुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा सरकारले दिएको अनुदानको दायरालाई अझै फराकिलो बनाए निर्यात प्रवर्द्धनमा मद्दत पुग्ने उद्योगपति व्यवसायीको भनाइ थियो ।

# परीक्षणको १४ प्रतिशतमा संक्रमण पुष्टि

काठमाडौँ, १२ साउन (रासस) ।
पछिल्लो समय कोरोना संक्रमण दर तीव्र रूपमा बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार परीक्षण गरिएको नमूनाको १४ प्रतिशतमा संक्रमण पुष्टि भएको छ ।

बिहीबार पाँच हजार २५ नमूनाको परीक्षण गर्दा ७१० जनामा संक्रमण पुष्टि भएको छ । जुन १४ प्रतिशत बढी हो । बिहीबार दुई हजार ५४१ नमूनाको पिसीआर विधिबाट परीक्षण गर्दा ५२४ र दुई हजार ४८४ नमूनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा १६८ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

बिहीबार २१५ संक्रमणमुक्त भएका छन् । दुई जनाको मृत्यु भएको छ । सक्रिय संक्रमितको संख्या चार हजार २३६ पुगेको छ । बिहीबार ५९ हजार ४७१ जनाले कोरोना विरुद्धको खोप लगाएका छन् ।

# लुटिएको रकमसहित दुई युवक पक्राउ

जनकपुरधाम, १२ साउन (रासस) ।
महिलाको रकम लुटेर फरार रहेका दुई युवालाई धनुषा प्रहरीले पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-७ निवासी २० वर्षीय जितेन्द्रप्रसाद साह र २१ वर्षीय दीपेन्द्र मण्डल रहेको प्रहरीले जनाएको छ ।

सबैला नगरपालिका-४ घर भई जनकपुरधाम उपमहानगरपालिका-१ निवासी शर्मिलादेवीले गत सोमबार विदेशबाट श्रीमान्ले पठाएको रु दुई लाख जनकपुरधामको मिल्स एरियास्थित एभरेष्ट बैंकबाट झिकेर प्लाष्टिकको झोलामा रकम र मोबाइल बोकी आउँदै गर्दा लुटेर उनीहरू फरार भएका थिए ।

घटनाको सूचना पाएलगत्तै खटिएको प्रहरी टोलीले अनुसन्धानको क्रममा लुटिएको रकमसहित दुवैलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वसन्त रजौरेले जानकारी दिनुभयो । पक्राउ परेका जितेन्द्रको साथबाट लुटिएको मोबाइल र रु ५४ हजार तथा दीपेन्द्रको साथबाट रु ७८ हजार बरामद भएको उहाँले बताउनुभयो ।

# भ्रमण भिसामार्फत सुरक्षित श्रम तथा रोजगारीको प्रलोभनमा नपर्न गृहको अनुरोध

काठमाडौँ, १२ साउन (रासस) ।
गृहमन्त्रालयले भ्रमण भिसाबाट सुरक्षित श्रम तथा रोजगारीको प्रलोभनमा नपर्न नागरिकमा अनुरोध गरेको छ ।

पछिल्लो समयमा भिजिट भिसामा विदेश गएर अलपत्र पर्ने, काम नपाउने र गन्तव्य मुलुकबाट प्रवेश निषेध भई फर्कनुपर्ने लगायतका समस्या देखिएको भनी गुनासो आएको भन्दै मन्त्रालयले रोजगारीको मनसाय राखी भ्रमण भिसामा विदेश नजान अनुरोध गरेको हो ।

त्यसरी जाँदा समस्यामा परी अलपत्र पर्ने क्रम बढेको मन्त्रालयले बुधबार जारी गरेको सूचनामा उल्लेख छ ।

यसरी गैरकानुनी रुपमा विदेश गई समस्यामा परेकालाई उद्धार गरी स्वदेश ल्याउनुपर्ने अवस्थामा बीमा, क्षतिपूर्ति तथा राहत उपलब्ध गराउनसमेत नेपाल सरकारसँग कुनै कानुनी आधार नरहने पनि मन्त्रालयले जानकारी गराएको छ ।

विज्ञप्तिमा त्यसरी जाने व्यक्तिले प्रचलित कानुनअनुसार श्रम स्वीकृतलगायतका प्रक्रिया पूरा गरेर मात्र जान अनुरोध गरिएको छ । साथै, स्थानीय तहले समेत आफ्नो क्षेत्रका नागरिकले विदेश भ्रमण वा रोजगारीमा जाँदा आवश्यक कानुनी प्रक्रियाको सहजीकरण तथा परामर्श प्रदान गर्ने व्यवस्था मिलाउन अनुरोध गरिएको छ । भ्रमण भिसामा विदेश जानेले पर्यटकको रुपमा मात्र प्रयोग गर्न मन्त्रालयले आग्रह गरेको छ ।

*जुम्ल्याहा...*

उपलब्ध गराइएको क्रिएशन नेपालका अध्यक्ष आनन्द मिश्राले बताए ।

सो अवसरमा समाजसेवि एवम् प्रध्यापक बन्दना मिश्राले दैनिक ज्यालादारी मजदुरीको काम गर्दै आएका उनका श्रीमान् पञ्चदेवलाई शुक्रवारदेखि नै मजदुरीको काम दिने आश्वासन दिएकी छिन् । उनले नवजात शिशुका लागि लत्ताकपडा र खंग दम्पतिको सुरक्षित वासका लागि फुसको छानामा राख्न आवश्यक देखिएको त्रिपाल समेत उपलब्ध गराइने प्रतिबद्धता जनाइन ।

पोष्टिक आहारको अभावमा आमालाई दुध नपुगेर बच्चा कुपोषण लाग्ने चिन्ताले खंग दम्पति सहयोगको याचना गर्दै आएका छन् । खंग दम्पतिको ७ दिनको अस्पताल बसाइले काम पनि छुटेकाले नवजात शिशुको लालनपालनमा समस्या भएको हो ।

उनको पहिलेदेखि नै दुई छोरीहरु छन् । आमाबुवा गरी ८ जनाको परिवार पाल्न समस्या भएपछि खंग दम्पतिले सहयोगको लागि आग्रह गरेका छन् ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भु-क्षयबाट बचौ र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९९७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*